नेपाल सरकार

फोन :४२००२९८

# सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय

सिंहदरवार काठमाण्डौ

(सूचना तथा प्रविधि शाखा)

प.सं. ०७५/०७६

मिति २०७६।३।१९

च.नं. ५२४

MIC

**विषय : वेरुजु असुलउपर एवं फछ्र्यौटको विवरण पठाउने सम्वन्धमा ।**

श्री जिल्ला समन्वय समितिको कार्यालयहरु,
बाँके, कैलाली, गुल्मी, कालीकोट, डडेल्धुरा, बैतडी, धादिङ, अर्घाखाँची, रुपन्देही,
काठमाडौं, मुगु, सुर्खेत, धनुषा, उदयपुर, संखुवासभा, महोत्तरी, दैलेख र जाजरकोट ।

अख्तियार दुरुपयोग अनुसन्धान आयोग, अनुसन्धान महाशाखा नं. ६ को प.सं. ६ स्था ३३/०७३/०७४ च.नं. २२६४ मिति २०७४।१।२१ को पत्रानुसार आयोगमा दर्ता भएको उजुरी दर्ता नं. ८८९६ मिति २०७१।२।८ को २८ जि.वि.स. द्वारा विल भर्पाई विना १७ करोड ३० लाख खर्च भन्ने समाचार शिर्षकको उजुरी यसै साथ संलग्न रहेको छ । उजुरी अनुसार आ.व. २०६९।७० को महालेखा परीक्षकको ५० औं वार्षिक प्रतिवेदनमा उक्त वेरुजु उल्लेख भएकोले उक्त आ.व. को उक्त प्रतिवेदनमा उल्लेख भए वमोजिम सम्वन्धित साविक जिल्ला विकास समितिहरुले उक्त रकम कुन कुन शिर्षकमा कसरी खर्च गरेको हो ? सो मध्ये के कती वेरुजु असुलउपर भयो ? के कती रकम सम्परीक्षण भई फछ्र्यौट भयो सो को विवरण पठाउन यस शाखाको मिति २०७४।१०।१० च.नं. ३१९ को पत्रवाट माग गरिएकोमा हालसम्म विवरण प्राप्त नभएको र सो सम्वन्धमा वेरुजु फछ्र्यौटको लागि आयोगको अनुसन्धान महाशाखा नं. ४ को मिति २०७६।३।१२ च.नं. २३३१ को पत्रवाट आयोगको मिति २०७६।३।१० को निर्णयानुसार लेखि आएको हुँदा आयोगको निर्णयानुसार उक्त वेरुजु रकम हरु नियमानुसार फछ्र्यौट वा असुलउपर गरी सो को जानकारी गराउनु हुन निर्णयानुसार अनुरोध छ ।

..........................
शेखर निधि पौड्याल
शाखा अधिकृत

**वोधार्थ:**
श्री अख्तियार दुरुपयोग अनुसन्धान आयोग,
अनुसन्धान महाशाखा नं. ४, टंगाल, काठमाडौं ।

सचिवको सचिवालय
उजुरी दर्ता न

# २८ जिविसद्वारा बिल भर्पाइबिना १७ करोड ३० लाख खर्च

रञ्जित तामाङ
काठमाडौं, ७ जेठ

गत वर्ष २८ जिल्ला विकास समितिहरूले बिल भर्पाई नआउने गरी गाउँ विकास समितिलाई १७ करोड ३० लाख रुपैयाँ विनियोजन गरेको पाइएको छ।

महालेखापरीक्षकको कार्यालयले आर्थिक वर्ष ०६९/७० लेखापरीक्षण गर्दा बिल भर्पाई पेस गर्नु नपर्ने गरी नियमविपरीत भुक्तानी दिएको फेला पारेको हो। अधिकारप्राप्त अधिकारीले बजेट निकासा दिँदा बिल भर्पाई, प्राविधिक मूल्यांकन, कार्यसम्पन्न प्रतिवेदनसहित स्रेस्ता राख्नुपर्ने व्यवस्थाविपरित खर्च भएको महालेखाले जनाएको छ।

महालेखाको ५०औं वार्षिक प्रतिवेदनअनुसार बाँके जिविसले कुनै शीर्षक नतोकी विभिन्न गाविसलाई ११ लाख ५८ हजार रुपैयाँ र कैलालीले ४७ लाख रुपैयाँ बिल भर्पाई नआउने गरी विनियोजन गरेको छ। गुल्मी जिविसले विभिन्न शीर्षकमा १७ लाख ८१ हजार रुपैयाँ बाँडेका छन्।

कालिकोटले ३० गाविसलाई कर्णाली रोजगार कार्यक्रमको ६ करोड १० लाख बिल भर्पाई नआउने गरी विनियोजन गरेको छ। कालिकोट जिविसले जिविस अनुदान र दैविक प्रकोप रहात कोषबाट यसैगरी २ लाख रुपैयाँ विनियोजन गरेको छ। कालिकोटले न्यूनतम सर्त (एमसी) उत्तीर्ण भएबापत गाविसले पाएको ३६ लाख ६३ हजार रुपैयाँ पनि बिल भर्पाई नआउने गरी विनियोजन गरेको छ।

प्रतिवेदनका अनुसार डडेल्धुरा जिविसले संयुक्त राष्ट्रसंघीय जनसंख्या कोष (यूएनएफपीए) को १० लाख १८ हजार रुपैयाँ बिल भर्पाई नआउने गरी विभिन्न गाविसलाई विनियोजन गरेको छ। बैतडी जिविसले गाविस अनुदान र ग्रामीण खानेपानी आयोजनाका लागि यसै गरी ५६ लाख ८३ हजार रुपैयाँ विनियोजन गरेको पाइएको छ। धादिङले अर्को शीर्षकअन्तर्गत विभिन्न गाविसलाई यसैगरी १ करोड ४७ लाख रुपैयाँ १ करोड ४७ लाख रुपैयाँ विनियोजन गरेको छ।

अर्घाखाँची जिविसले सन्धिखर्क साना सहरी खानेपानी आयोजनालाई ६ लाख रुपैयाँ बिल भर्पाई बुझाउनु नपर्ने गरी भुक्तानी दिएको छ। रुपन्देही जिविसले कर्मचारी संगठन र विभिन्न संघसंस्थालाई १ करोड २४ लाख रुपैयाँ बिल भर्पाई नआउने गरी विनियोजन गरेको छ।

> भुक्तानी दिएपछि अधिकारसम्पन्न अधिकारीले खर्चको बिल भर्पाई, प्राविधिक मूल्यांकन, कार्यसम्पन्न प्रतिवेदनसहितका स्रेस्ता राख्नुपर्ने व्यवस्था छ
>
> बिल भर्पाई स्रेस्ता नै नभए आर्थिक अनियमितता हुने खतरा रहन्छ

काठमाडौं जिविसले कृषि तथा पशु कार्यालयलाई ६ लाख रुपैयाँ र विभिन्न गाविसमा सञ्चालित १ सय ७ आयोजनका लागि १ करोड ५५ लाख रुपैयाँ विनियोजन गरेको छ। मुगु जिविसले १७ गाविसलाई कर्णाली रोजगार कार्यक्रमको पुँजीगत बजेट बिल भर्पाई पेस गर्नु नपर्ने गरी भुक्तानी दिएको छ।

सुर्खेत जिविसले १३ आयोजनका लागि ७७ लाख ५० हजार रुपैयाँ भुक्तानी दिएको छ। धनुषाले जिविसले १ आयोजनालाई ४ लाख रुपैयाँ र उदयपुरले ७ आयोजनका लागि ३६ लाख ७३ हजार रुपैयाँ बिल भर्पाई नआउने गरी भुक्तानी दिएको छ। उदयपुर जिविसले ६ आयोजनाका लागि ५६ लाख ६१ हजार रुपैयाँ बिल भर्पाई भुक्तानी दिनु नपर्ने गरी निकासा दिएको छ।

त्यस्तै संखुवासभा जिविसले २ आयोजनाका लागि ४ लाख ९७ हजार रुपैयाँ निकासा दिएको छ। धादिङ जिविसले प्रेस चौतारी, लंघाङ्ली र जिविस महासंघलाई बिल भर्पाई नआउने गरी १ लाख ५३ हजार रुपैयाँ विनियोजन गरेको छ। महोत्तरी जिविसले बथनाह गाविसलाई १ लाख ५३ हजार रुपैयाँ, डडेल्धुराले संयुक्त राष्ट्रसंघीय जनसंख्या कोष (यूएनएफपीए) को १० लाख १८ हजार रुपैयाँ बिल भर्पाई नआउने गरी विनियोजन गरेको छ। दैलेख जिविसले विभिन्न ६ आयोजनका लागि ३ लाख २५ हजार रुपैयाँ, जाजरकोटले २ आयोजनाका लागि ७९ हजार रुपैयाँ भुक्तानी दिएको छ।

बिल भर्पाई पेस गर्नु नपर्ने गरी रकम भुक्तानी दिनु आर्थिक अनुशासनविपरीत रहेको महालेखाका प्रवक्ता बाबुराम गौतमले बताए। "भुक्तानी दिएपछि अधिकारसम्पन्न अधिकारीले खर्चको बिल भर्पाई, प्राविधिक मूल्यांकन, कार्यसम्पन्न प्रतिवेदनसहितका स्रेस्ता राख्नुपर्ने व्यवस्था छ," गौतमले भने, "बिल भर्पाई स्रेस्ता नै नभए आर्थिक अनियमितता हुने खतरा रहन्छ।"

संघीय मामिला तथा स्थानीय विकास मन्त्रालयका प्रवक्ता दिनेश थपलियाले भने गाविसमा पनि लेखापरीक्षण हुने भएकाले बिल भर्पाईबेगर बजेट विनियोजन भएको हुन सक्ने बताए। साथै, लेखापरीक्षण नहुने संघसंस्थालाई भने आर्थिक सहायता दिन नमिल्ने बताए। "गाविसमै लेखापरीक्षण हुने भएकाले जिविसलाई बिल भर्पाई नबुझाएको होला," थपलियाले भने, "विभिन्न संघसंस्थालाई भने आर्थिक सहयोग दिन निषेध गरिएको छ। यसबारे के भएको रहेछ, मन्त्रालयले अध्ययन गर्दछ।"